# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला पर्सा, बहुदरमाई नगरपालिका, बहुअरी पिडरीले आ.व. २०८०/८१ मा स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत बैरिया प्रवेशद्वार देखि नगरदाहाँसम्म सडक मर्मत कालोपत्रे गर्न खरिद ठेक्का लगाउँदा प्रमुख प्रशासकीय अधिकृत समेतको मिलेमतोमा कमिशनको भरमा ठेक्का लुकाई आफ्नो नजिकको मान्छेलाई बोलपत्र ठेक्का दिई बजेटको दुरुपयोग हुने गरी योजना सञ्चालन गरेकोले आवश्यक छानबिन गरी कानूनी कारबाही गर्न हुन भन्नेसमेत व्यहोराको प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा बहुदरमाई नगरपालिकाबाट आ.व. २०७९/०८० मा वडा नं. २, बैरिया, पानीटंकी प्रवेशद्वारदेखि उत्तर पिपरा हुँदै महावीर साह माध्यमिक विद्यालयसम्म जाने सडक मर्मत गर्नुपर्ने कार्यको लागि Contract ID No.07/ MUN/BAHUDA/PAR /W/080-081 बोलपत्रको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (३) बमोजिम राष्ट्रियस्तर वा स्थानीयस्तरको समाचार पत्रमा प्रकाशन गर्नुपर्नेमा बहुदरमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफा, लेखा हेर्ने सह-लेखापाल उपेन्द्र कुमार साह र जन प्रतिबिम्ब दैनिकका प्रकाशक/प्रधानसम्पादक संजय कुमार साहसमेतको आपसी मिलेमतो तथा योजनामा आफूहरुले गैरकानूनी लाभ लिने दिने तथा नगरपालिकाको सम्पत्ति हानिनोक्सानी पुऱ्याउने बदनियतले उक्त सूचना लुकाई छिपाई, सूचना प्रकाशन नगरी नगराई ठेक्काको प्रयोजनार्थ अभिलेखमा राख्ने गरी जन प्रतिबिम्ब दैनिक पत्रिकाको एकप्रति मात्र सूचना प्रकाशित गरी मिति २०८०।१२।२५ गतेको बोलपत्र आव्हान गरे गराएको देखिएको, प्रेस काउन्सिल नेपालबाट प्राप्त कागजात अनुसार पत्रपत्रिका व्यवस्थापन अभिलेख प्रणालीमा जन प्रतिबिम्ब दैनिकको हार्डकपी र P.D.F दुवैमा मिति २०८०।१२।२५ गतेको पत्रिकाको पहिलो पृष्ठमा बहुदरमाई नगरपालिकाको सडक मर्मतको लागि कुनै पनि बोलपत्रको सूचना प्रकाशन भएको नदेखिंदा, सूचना विवरण लुकाउने कलुषित मनसायसाथ सार्वजनिक तवरमा वितरण प्रयोजनार्थ प्रकाशित नै नगरेको पहिलो पृष्ठ उक्त सक्कली पत्रिकामा राखी बोलपत्र सम्बन्धी शिलबन्दी कोटेशन सूचना जन प्रतिबिम्ब दैनिक पत्रिकामा प्रकाशन नै नगरी नगराई झुट्टा बिल, भरपाई बनाई बनाउन लगाई सोही कागजातहरुका आधारमा रु.६५,०००।- (पैसठ्ठी हजार रुपैयाँ) जन प्रतिबिम्ब दैनिकलाई भुक्तानी दिए लिएको स्थापित भएकोले बहुदरमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफा, सह-लेखापाल उपेन्द्र कुमार साह र जन प्रतिबिम्ब दैनिकका प्रकाशक/ प्रधानसम्पादक संजय कुमार साह समेतको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूर भएको हुँदा निज प्रतिवादीहरु उपर देहायबमोजिमको कसूरमा देहायबमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बहुदरमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **महमद शेरे मुस्तफा** | रु.६५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रु. पैसठ्ठी हजार रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो |

| | | | |
|---|---|---|---|
| | र सह-लेखापाल **उपेन्द्र कुमार साह** | | बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | जन प्रतिबिम्ब दैनिकका प्रकाशक/प्रधानसम्पादक **संजय कुमार साह** | रु.६५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा मुख्य कसुरदारहरुलाई उल्लिखित कसूर गरेबापत नगदी, जिन्सी, लगायतका सुविधा तथा लाभ उपलब्ध गराई दिने र आफू समेतले लिने मतियारको कसूर भएकोले मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रु. पैसठ्ठी हजार रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी